स्थानीय सरकार

# वीरगंज राजपत्र


वीरगंज महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ६ वीरगंज भाद्र ३० गते, २०७९ साल (संख्या १ )


**भाग – २**

स्थानीय सरकार

वीरगंज महानगरपालिकाको सूचना

# वीरगंज महानगरपालिकाको सार्वजनिक खरिद (पहिलो संसोधन) नियमावली, २०७९

वीरगंज महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ लाई संसोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) ले दिएको अधिकार प्रयोग गरी वीरगंज महानगरपालिकाले देहायका नियमहरु बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरुको नाम "वीरगंज महानरपालिकाको सार्वजनिक खरिद (पहिलो संसोधन) नियमावली, २०७९ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>वीरगंज महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १५ मा संसोधनः</u>** वीरगंज माहनगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ (यस पछि "मूल नियमावली भनिएको") को नियम १५ उपनियम (१) र (२) को सट्टा देहायका उपनियम (१) र (२) राखिएका छनः (१) नियम ११,१२ र १४ बमोजिम तयार भएको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछ ।

(क) एक करोड रुपैयाँसम्मको लागत अनुमान वडा सचिव बाट,

(ख) पाँच करोड रुपैयाँसम्मको लागत अनुमान राजपत्रांकित तृतीय श्रेणी वा सो सरहको महाशाखा / शाखा प्रमुख / वडा सचिव बाट,

(ग) दश करोड रुपैयाँसम्मको लागत अनुमान रापत्रांकित द्वितिय श्रेणी वा सो सरहको महाशाखा / शाखा प्रमुख बाट,

(घ) बीस करोड रुपैयाँसम्मको लागत अनुमान राजपत्रांकित प्रथम श्रेणी वा सो सरहको विभाग / महाशाखा प्रमुख बाट,

(ङ) पचास करोड रुपैयाँसम्मको लागत अनुमान प्रमुख प्रशाकीय अधिकृत बाट, र

(च) पचास करोड रुपैयाँ भन्दा बढी रकमको लागत अनुमान वीरगंज महानगरपालिकाको प्रमुख बाट ।

(२) नियम १३ बमोजिम तयार भएको लागत अनुमान देहायको अधिकारी बाट स्वीकृत हुनु पर्नेछ ।

(क) दश लाख रुपैयाँसम्मको लागत अनुमान वडा सचिव बाट,

(ख) बीस लाख रुपैयाँसम्मको लागत अनुमान राजपत्रांकित तृतीय श्रेणी वा सो सरहको महाशाखा / शाखा प्रमुख / वडा सचिव बाट,

(ग) पचास लाख रुपैयाँसम्मको लागत अनुमान रापत्रांकित द्वितिय श्रेणी वा सो सरहको महाशाखा / शाखा प्रमुख बाट,

(घ) एक करोड रुपैयाँसम्मको लागत अनुमान राजपत्रांकित प्रथम श्रेणी वा सो सरहको विभाग / महाशाखा प्रमुख बाट,

(ङ) तीन करोड रुपैयाँसम्मको लागत अनुमान प्रमुख प्रशाकीय अधिकृत बाट, र

(च)तीन करोड रुपैयाँ भन्दा बढी रकमको लागत अनुमान वीरगंज महानगरपालिकाको प्रमुख बाट ।

(३) प्रमुख प्रशाकीय अधिकृत आफैले यस नियम बमोजिम लागत अनुमान वा नियम (६) बमोजिमको विवरण स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

३. **<u>मूल नियमावलीको नियम २७ मा संसोधनः</u>** मूल नियमावलीको नियम २७ कोः-(१) उपनियम (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

(ग) विगत दश वर्षमा एकलौटी रुपमा वा व्यवस्थापन सम्झौता गरी संयुक्त उपक्रमको साझेदार वा सव-कन्ट्रयाक्टरको रुपमा प्रस्तावित खरिद सम्झौता संग मेल खाने प्रकृति, जटिलता र निर्माण प्रविधिका देहाय बमोजिमको खरिद सम्झौता गरी कार्य सम्पन्न गरेको र प्रमुख निर्माण गतिविधिको लागत अनुमानमा उल्लिखित परिमाणको कम्तीमा असी प्रतिशत वार्षिक उत्पादन दर (प्रोडक्ट रेट) वा संख्या वा परिमाणको आधारमा सम्पन्न गरेको विशेष अनुभवः-

"(१) दुई करोड रुपैयाँ देखि पाँच करोड रुपैयाँ सम्मको खरिद कार्य भएमा लागत अनुमानको कम्तीमा चालिस प्रतिशत रकम बराबरको कम्तीमा एउटा,

(२) पाँच करोड रुपैयाँ भन्दा बढीको खरिद कार्य भएमा लागत अनुमानको कम्तीमा साठी प्रतिशत रकम बराबरको एउटा ।"

(२) उपनियम (२) पछि देहायका उपनियम (२क), (२ख) र (२ग) थपिएका छनः-

(२क) संयुक्त उपक्रम भएको बोलपत्रदाताले उपनियम(१) को खण्ड(ग) को उप खण्ड (२) बमोजिम दुईवटा खरिद सम्झौताको अनुभव पेश गरेकोमा सो संयुक्त उपक्रमका साझेदारहरुले हासिल गरेको अलग खरिद सम्झौताको अनुभवलाई गणना गर्न सकिनेछ ।

(२ख) उपनियम (१) को खण्ड (ग) बमोजिम विशेष अनुभव निर्धारण गर्दा <u>पर्याप्त संख्यामा अनुभव प्राप्त</u> स्वदेशी बोलपत्रदाता उपलब्ध हुन नसक्ने सुरुङ्ग मार्ग, विमानस्थल निर्माण <u>कार्यहरु बाहेकका</u> जटिल प्रकृतिको निर्माण कार्यको हकमा सो खण्ड बमोजिमको अनुभवको अतिरिक्त त्यस्तो कार्यमा संयुक्त उपक्रम भएको बोलपत्रदाता भए प्रत्येक साझेदारले एकलौटी रुपमा वा व्यवस्थापन सम्झौता गरी वा संयुक्त उपक्रमको साझेदार वा सव-कन्ट्रयाक्टरको रुपमा प्रस्तावित खरिद सम्झौता संग मेल खाने प्रकृति, जटिलता र निर्माण प्रविधिका न्यूनतम

रुपमा कुल विशेष अनुभवको कम्तीमा दश प्रतिशत रकम बराबरको एउटा खरिद सम्झौता सफलतापूर्वक सम्पन्न गरेको विशेष अनुभव हुनुपर्ने गरी निर्धारण गर्न सकिनेछ ।

(२ग) वीरगंज महानगरपालिकाले उपनियम(१) बमोजिम योग्यताको आधार निर्धारण गर्दा गुणस्तर कायम गर्न आवश्यक आधारहरु तय भएको, प्रतिस्पर्धा सीमित नहुने सुनिश्चितता गरिएको, बजारमा प्रतिस्पर्धाको उपस्थितिको लेखाजोखा भएको र कानूनले प्रत्याभूत गरेको संरक्षणको प्रतिकूल नभएको सुनिश्चित गर्नु पर्ने छ ।

४. **<u>मूल नियमावलीको नियम ३७ मा संसोधनः</u>** मूल नियमावलीको नियम ३७ को (१) उपनियम (१) मा रहेका “एक अरब रुपैयाँ” भन्ने शब्दहरुको सट्टा “पाँच अरब रुपैयाँ” भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (२), (३), (४), (५), (६) र (७) झिकिएका छन् ।

५. **<u>मूल नियमावलीको नियम ३८ को सट्टा देहायको नियम ३८ राखिएको छः-</u>**

**<u>३८. स्वदेशी बोलपत्रदातालाई प्राथमिकता दिनेः-</u>** (१) अन्तराष्ट्रिय स्तरको बोलपत्रमा एकल रुपमा वा स्वदेशी फर्म, संस्था वा कम्पनी संग संयुक्त उपक्रम गरी सहभागी हुने स्वदेशी फर्म, संस्था वा कम्पनीलाई तथा स्वदेशी फर्म, संस्था वा कम्पनीको हिस्सा कम्तीमा पच्चीस प्रतिशत हुने गरी संयुक्त उपक्रम गरी विदेशी फर्म, संस्था वा कम्पनी सहभागी भएकोमा त्यसरी संयुक्त उपक्रममा सहभागी हुने फर्म, संस्था वा कम्पनीलाई प्राथमिकता (डोमेस्टिक प्रिफरेन्स) दिनु पर्ने छ ।

(२) उपनियम (१) बमोजिम प्राथमिकता दिंदा सबैभन्दा कम कबुल गर्ने विदेशी फर्म, संस्था वा कम्पनीले कबोल गरेको बोल अङ्क रकमको पाँच प्रतिशत सम्म बढी बोल अङ्क भएको स्वदेशी फर्म, संस्था वा कम्पनीका प्रस्तावलाई स्वीकृत गर्न सकिने छ ।

(३) उपनियम (१) बमोजिम फर्म, संस्था वा कम्पनी संग संयुक्त उपक्रममा विदेशी फर्म, संस्था वा कम्पनी सहभागी हुने फर्म, संस्था वा कम्पनीलाई स्वदेशी फर्म, संस्था वा कम्पनीको हिस्साको अनुपातमा उपनियम (२) बमोजिम प्राथमिकता (डोमेस्टिक प्रिफरेन्स) दिन सकिने छ ।

(४) उपनियम (१), (२) र (३) मा जुन सुकै कुरा लेखिएको भएतापनि दश अर्ब रुपैयाँ सम्मको लागत अनुमान भएको निर्माण कार्य सम्बन्धी अन्तराष्ट्रिय स्तरको बोलपत्रमा सहभागी हुन चाहने विदेशी फर्म, संस्था वा कम्पनीले स्वदेशी फर्म, संस्था वा कम्पनीसंग संयुक्त उपक्रम गरी सहभागी हुनु पर्नेछ ।

६. **मूल नियमावलीमा नियम ३९(क) थपः-** मूल नियमावलीको नियम ३९ पछि देहायको (३९क) थपिएको छः

**(३९क) दुई खाम विधिबाट गरिने खरिदको कार्यविधिः**

(१)बोलपत्रदाताको योग्यता आवश्यक पर्ने किसिमको मालसामान खरिद वा दुई करोड रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्नु पर्दा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखी पेश गर्नु पर्नेछ ।

(२)उपनियम (१) को प्रयोजनको लागि प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखी शिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रस्ताव हो स्पष्ट रुपले उल्लेख गरी दुवै प्रस्तावलाई अर्को छुट्टै बाहिरि खाममा सिलबन्दी गरी बोलपत्र पेश गर्नु पर्ने व्यहोरा, बोलपत्र आह्वानको सूचनाको विवरण र बोलपत्र साथ संलग्न कागजातको विवरण खुलाउनु पर्नेछ ।

(३)उपनियम (१) बमोजिम बोलपत्र सम्बन्धी कागजात तयार गर्दा प्राविधिक प्रस्तावको लागि नियम (२६), (२७), (२९) र (३०) बमोजिमको प्राविधिक तथा आर्थिक र वित्तीय क्षमता प्रमाणित गर्ने योग्यताको आधार उल्लेख गर्नु पर्ने छ ।

(४)उपनियम (३) बमोजिमको प्राविधिक प्रस्ताव ऐनको दफा ३२ बमोजिमको प्रक्रियाबाट खोली दफा २३ र नियम (६८), (६९), (७१) र (७२) बमोजिम परीक्षण गरी सारभूत रुपमा प्रभावग्राही बोलपत्र निर्धारण गर्नु पर्नेछ ।

(५)उपनियम (४) बमोजिमका योग्यताको सबै आधारमा सफल हुने बोलपत्र सारभूत रुपमा प्रभावग्राही बोलपत्र मानिनेछ र त्यस्तो सफल सबै बोलपत्रदातालाई आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी सो मिति र समयमा उपस्थित हुन राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा पन्ध्र दिनको अवधि दिई सूचना गर्नु पर्ने छ ।

(६)उपनियम (४) बमोजिम प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा योग्यताको आधारमा असफल हुने सबै बोलपत्रदाताको आर्थिक प्रस्ताव सम्बन्धित बोलपत्रदातालाई फिर्ता गर्नु पर्नेछ  तर विधुतीय खरिद प्रणालीद्वारा बोलपत्र पेश गर्ने बोलपत्रदाताको आर्थिक प्रस्ताव फिर्ता हुने छैन् ।

(७)उपनियम (४) बमोजिमको सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नियम ८८ बमोजिमको प्रक्रियाबाट आर्थिक प्रस्ताव खोली ऐनको दफा २५ र नियम (७०), (७३) र

(७४) बमोजिम आर्थिक तथा विशेष मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको छनौट गर्नु पर्नेछ ।

७. **<u>मूल नियमावलीको नियम ४३ मा संसोधनः</u>** मूल नियमावलीको नियम ४३ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः

"(१क) उपनियम (१) बमोजिम योग्यताका सबै आधार पूरा गर्ने पूर्व योग्यताका आवेदक छनौट गर्दा कम्तीमा तीनवटा योग्य आवेदक छनौट हुन नसकेमा नगरपालिकाले पूर्व निर्धारित पूर्व योग्यताको आधार पुनरावलोकन गरी पुनः सूचना प्रकाशन गरी योग्य आवेदक छनौट गर्नु पर्नेछ ।"

८. **<u>मूल नियमावलीको नियम ५५ मा संसोधनः</u>** मूल नियमावलीको नियम ५५ को सट्टा देहायको नियम ५५ राखिएको छः

**<u>"५५. बोलपत्र सम्बन्धी कागजात स्वीकृत गर्नु पर्नेः-</u>** बोलपत्र सम्बन्धी कागजात, प्रस्ताव आह्वान सम्बन्धी कागजात तयार भएपछि त्यस्तो कागजात बोलपत्र आह्वान अगावै नियम (१५) बमोजिमको अधिकारीले स्वीकृत गर्नु पर्नेछ ।"

९. **<u>मूल नियमावलीको नियम ७४ मा संसोधनः</u>** मूल नियमावलीको नियम ७४ को, (१) उपनियम (४ग) मा रहेको "सात गुणाले" भन्ने शब्दहरुको सट्टा "पाँच गुणाले" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (४घ) मा रहेका "सात गुणाले" भन्ने शब्दहरुको सट्टा "पाँच गुणाले" भन्ने शब्दहरु राखिएका छन् ।

**<u>(३) उपनियम (४घ) पछि देहायको उपनियम (४घ१), (४घ२), (४घ३) र (४घ४) थपिएका छनः-</u>**

"(४घ१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो उपनियम प्रारम्भ भएपछि एकल वा संयुक्त उपक्रमको रुपमा पाँच वटा खरिद सम्झौता गरी सो सम्झौता बमोजिमको कार्य सम्पन्न गर्न बाँकी रहेका निर्माण व्यवसायीले यो उपनियम प्रारम्भ भए पछि निर्माण कार्यको लागि आह्वान हुने खुल्ला बोलपत्र प्रक्रियामा एकल वा संयुक्त उपक्रमको रुपमा भाग लिन पाउने छैन ।"

"(४घ२) उपनियम (४घ१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको निर्माण कार्य सो उपनियमको प्रयोजनको लागि गणना गरिने छैनः-

(क) यो उपनियम प्रारम्भ हुनु अघि बोलपत्र आह्वान भएको वा खरिद सम्झौता भएको,

(ख) यो उपनियम प्रारम्भ भएपछि बोलपत्र आह्वान भई खरिद सम्झौता भएकोमा नियम (१२६) बमोजिमको कार्य स्वीकार प्रतिवेदन पेश भई स्वीकृत भएको, वा

(ग) सबै प्रकारका वैदेशिक सहायतामा सञ्चालन हुने गरी बोलपत्र आह्वान भएको वा खरिद सम्झौता भएको ”

“(४घ३) यो उपनियम प्रारम्भ भएपछि आह्वान भएको बोलपत्र प्रक्रियामा भाग लिंदा निर्माण व्यवसायीले पाँच वटा भन्दा बढी खरिद सम्झौता नभएको स्वघोषणा गर्नु पर्नेछ र त्यसरि स्वघोषणा गरिएको विषयलाई महानगरपालिकाले मूल्याङ्कन गर्दा नियम (१५९) को उपनियम (६क) बमोजिमको अभिलेख संग भिडाउनु पर्नेछ ।”

“(४घ४) उपनियम (४घ१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अन्तराष्ट्रिय स्तरको बोलपत्रमा बढीमा पच्चीस प्रतिशत सम्मको साझेदारीमा संयुक्त उपक्रममा सहभागी हुने निर्माण व्यवसायीले एकल वा संयुक्त उपक्रमको रुपमा अन्तराष्ट्रिय स्तरको पाँच वटा भन्दा बढी बोलपत्रको प्रक्रियामा समेत भाग लिई सम्झौता गर्न सक्नेछ तर त्यस्तो निर्माण व्यवसायीले यो उपनियम प्रारम्भ भए पछि आह्वान हुने एकै प्रकृतिको कामको लागि अन्तराष्ट्रिय स्तरको तीन वटा वा सो भन्दा बढी बोलपत्रको प्रक्रियामा भाग लिई खरिद सम्झौता गरेको भएमा सो समेत पाँच वटा भन्दा बढी बोलपत्रको प्रक्रियामा भाग लिई सम्झौता गर्न सक्ने छैन ।”

**(४) <u>उपनियम (४ङ) को सट्टा देहायको उपनियम (४ङ) राखिएको छः-</u>**

“(४ङ) यस नियमको प्रयोजनको लागि बोलपत्रदाताले आर्थिक तथा प्राविधिक क्षमता, आफूसंग चालु अवस्थामा रहेको खरिद सम्झौताको सङ्ख्या, बोलपत्र सम्बन्धी अन्य विवरण तथा कागजात सम्बन्धमा स्वयं घोषणा गरी बोलपत्र सम्बन्धी कागजातसाथ विवरण पेश गर्नु पर्नेछ । यसरी पेश भएको विवरण झुट्टा ठहरिएमा निजले पेश गरेको बोलपत्रलाई मूल्याङ्कन प्रक्रियाबाट हटाई ऐनको दफा (६३) बमोजिम कालोसूचीमा राख्न लेखी पठाउनु पर्नेछ र प्रचलित कानून बमोजिम कुनै कारवाही हुनेमा त्यस्तो कारवाही समेत गरिनेछ ।”

**(५) <u>उपनियम (४ङ१) को सट्टा देहायको उपनियम (४ङ१) राखिएको छः-</u>**

“(४ङ१) उपनियम (४ङ) बमोजिम बोलपत्रदाताले आर्थिक क्षमता सम्बन्धमा स्वयं घोषणा गरी कागजात तथा विवरण पेश गर्दा निजको आर्थिक क्षमता संग सम्बन्धित नगद प्रवाहको व्यवस्था गर्न सक्ने तरल सम्पत्ति, र अन्य वित्तीय स्रोत समेत खुलाउनु पर्ने छ ।

(६) **<u>उपनियम (४ङ१) पछि देहायको उपनियम (४ङ२), (४ङ३), (४ङ४) र (४ङ५) थपिएका छन्-</u>**

(४ङ२) उपनियम (४घ१) को अधिनमा रही कुनै बोलपत्रदाताले बोलपत्र पेश गर्दा पाँच वटा भन्दा बढी बोलपत्र पेश गरेमा त्यसरी पेश भएका बोलपत्रहरु मध्ये न्यून्तम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहरिएमा शुरुका पाँच वटा बोलपत्रमा सम्झौता गर्नु पर्नेछ र सो भन्दा पछिका अन्य सबै बोलपत्र स्वतः मूल्याङ्कनको प्रक्रियाबाट हटेको मानिनेछन् । यस उपनियमको प्रयोजनको लागि बोलपत्रको क्रम निर्धारण गर्दा बोलपत्र स्वीकृत भएको मितिको आधारमा निर्धारण गर्नु पर्नेछ ।

(४ङ३) उपनियम (४ङ२) बमोजिम खरिद सम्झौता गरेका निर्माण व्यवसायीले अन्य सार्वजनिक निकायमा बोलपत्र दाखिला गरेको भए पाँचौ बोलपत्र स्वीकृत भएको जानकारी प्राप्त गरेको मितिले तीन दिनभित्र वीरगंज महानगरपालिकालाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(४ङ४) उपनियम ४(ङ३) बमोजिम जानकारी प्राप्त भएको अवस्थामा वीरगंज महानगरपालिकाले त्यस्तो बोलपत्र बोलपत्र मुल्याङकन प्रक्रियाबाट हटाउनु पर्नेछ । यसरी मुल्याङकन प्रक्रियाबाट हटाइएका बोलपत्रदाता बाट पेस भएको बोलपत्र जमानत जफत गरिने छैन ।

(४ङ५) उपनियम (४ङ३) बमोजिम वीरगंज महानगरपालिकालाई जानकारी नगराएमा वा जानकारी गराउनु पर्ने समय व्यतीत भएपछि वीरगंज महानगरपालिकाले अन्य कुनै माध्यमबाट जानकारी प्राप्त गरेमा नगरपालिकाले त्यस्तो बोलपत्रदाताको बोलपत्र जमानत जफत गरी निजलाई नियम (१५२) बमोजिम कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनु पर्ने छ ।

**(७) <u>उपनियम (४ङ५) पछि (४च) थपिएको छः-</u>**

(४च) बोलपत्रदाताको पछिल्लो आर्थिक वर्षको वासलातमा खुद दायित्व भन्दा सम्पत्ति बढी भएको र सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको ढाँचामा क्रेडिट लाईनको सुविधा उपलब्ध भएको हुनु पर्नेछ ।

**१०. <u>मूल नियमावलीको नियम ७६ मा संसोधनः</u>** मूल नियमावलीको नियम ७६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः

(१) देहायको रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ ।

(क) एक करोड रुपैयाँसम्मको वडा सचिव,

(ख) दश करोड रुपैयाँसम्मको राजपत्रांकित तृतीय श्रेणी वा सो सरहका महाशाखा / शाखा प्रमुख / वडा सचिव,

(ग) बीस करोड रुपैयाँसम्मको राजपत्रांकित द्वितिय श्रेणी वा सो सरहको महाशाखा / शाखा प्रमुख,

(घ) पचास करोड रुपैयाँसम्मको राजपत्रांकित प्रथम श्रेणी वा सो सरहको विभाग/ महाशाखा प्रमुख,

(ङ) साठी करोड रुपैयाँसम्मको प्रमुख प्रशासकीय अधिकृत, र

(च) साठी करोड रुपैयाँ भन्दा बढीको वीरगंज महानगरपालिकाको प्रमुख ।

११. **<u>मूल नियमावलीको नियम ७९ मा संसोधनः</u>** मूल नियमावलीको नियम ७९ को,(१) उपनियम (१) मा रहेको “दश करोड” भन्ने शब्दहरुको सट्टा “पन्ध्र करोड” भन्ने शब्दहरु राखिएका छन् ।

**(२) <u>उपनियम (२) पछि देहायको उपनियम २(क) थपिएको छः-</u>**

(२क) ऐनको दफा १५ को अवस्थामा बाहेक बीस लाख रुपैयाँ भन्दा बढी पन्ध्र करोड रुपैयाँसम्म लागत अनुमान भएको परामर्श सेवा खरिद गर्नु परेमा राष्ट्रिय स्तरको आशयपत्रदाता बीच मात्र प्रतिस्पर्धा गराई आशयपत्र मांग गर्नु पर्नेछ ।

**(३) <u>उपनियम (४) पछि देहायको प्रतिबन्धात्मक वाकयांश थपिएको छः-</u>**

तर सचिव श्रेणीको प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको लागि गरिने खरिदको लागि आशयपत्र मांग गर्दा एक तह माथिको अधिकारीको स्वीकृति लिनु पर्ने छैन् ।

**(४) <u>उपनियम (१३) को सट्टा देहायको उपनियम (१३) राखिएको छः-</u>**

(१३) उपनियम (५) बमोजिम आशयपत्रदाताको छनौट गर्दा आशयपत्र खोलेको मितिले पैतिस दिनभित्र कार्य सम्पन्न हुने गरी छनौट गर्नु पर्नेछ ।

१२. **<u>मूल नियमावलीको नियम ९१ मा संसोधनः</u>** मूल नियमावलीको नियम ९१ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः

(१) देहायको परामर्श सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः

(क) दश लाख रुपैयाँसम्मको वडा सचिव,

(ख) बीस लाख रुपैयाँसम्मको राजपत्रांकित तृतीय श्रेणी वा सो सरहका महाशाखा / शाखा प्रमुख / वडा सचिव,

(ग) एक करोड रुपैयाँसम्मको राजपत्रांकित द्वितिय श्रेणी वा सो सरहको महाशखा / शाखा प्रमुख,

(घ) पाँच करोड रुपैयाँसम्मको राजपत्रांकित प्रथम श्रेणी वा सो सरहको विभाग / महाशाखा प्रमुख,

(ङ) सात करोड रुपैयाँसम्मको प्रमुख प्रशासकीय अधिकृत, र

(च) सात करोड रुपैयाँ भन्दा बढीको वीरगंज महानगरपालिकाको प्रमुख ।

**१३. <u>मूल नियमावलीको नियम ९५ मा संसोधनः</u>** मूल नियमावलीको नियम ९५ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः

“(१) ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (क) बमोजिम खरिद गर्दा उपनियम (११) को अधिनमा रही देहायको सीमा नबढ्ने गरी सोझै खरिद गर्न सकिने छः-

(क) दश लाख रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान,

(ख) पाँच लाख रुपैयाँसम्मको लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा, र

(ग) कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेन्टरबाट गरिने सवारी साधन, मेसिनरी औजार, ईलेक्ट्रिक डिभाईसको पाँच लाख रुपैयासम्मको मर्मत सम्भार ।”

(२) उपनियम (२) मा रहेका “बीस लाख रुपैयाँ सम्मको” भन्ने शब्दहरुको सट्टा “पच्चीस लाख रुपैयाँसम्मको” भन्ने शब्दहरु राखी सोही उपनियममा रहेका “पन्ध्र लाख रुपैयाँसम्मको” भन्ने शब्दहरु झिकिएका छन् ।

**१४. <u>मूल नियमावलीको नियम ९९ मा संसोधनः</u>** मूल नियमावलीको नियम ९९ को (१) उपनियम (३) पछि देहायको उपनियम (४) र (५) थपिएको छः

“(४) उपनियम (१) बमोजिम तयार भई स्वीकृत लागत अनुमानको आधारमा खरिद प्रक्रिया अगाडि बढाउँदा पहिलो पटक कुनै बोलपत्र सारभूत रुपमा प्रभावग्राही नभएमा र लागत तयार गर्दाको अवधिमा नेपाल राष्ट्र बैंकबाट प्रकाशित हुने सम्बन्धित क्षेत्रको उपभोक्ता मूल्य सूची र कृषि उपजको साविक मूल्य सूचीमा दश प्रतिशत भन्दा बढी बढ्न गएको भएमा प्रमुख प्रशासकीय अधिकृतले लागत अनुमान संसोधनको लागि उपनियम (२) बमोजिमको समिति समक्ष पेश गर्न सक्नेछ र यसरी पेश भएमा सो समितिले लागत अनुमान संसोधन गर्न सक्नेछ ।”

(५) नगरपालिकाले उपनियम (३) वा उपनियम (४) बमोजिम लागत अनुमान स्वीकृत वा संसोधन भएको जानकारी तालुक कार्यालय र सार्वजनिक खरिद अनुगमन कार्यालयमा सात दिनभित्र पठाउनु पर्नेछ ।

**१५.** मूल नियमावलीको नियम १०७ को ठाउँमा रहेको “वा लाभग्राही समुदाय” र “वा समुदाय” भन्ने शब्दहरु झिकिएका छन् ।

**१६. <u>मूल नियमावलीमा नियम १०७क थपः</u>** मूल नियमावलीको नियम १०७ पछि देहायको नियम १०७क थपिएको छः

**<u>“१०७क लाभग्राही समुदायबाट काम गराउन सकिनेः</u>** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पाँच करोड रुपैयाँसम्म लागत अनुमान भएको देहाय बमोजिमको निर्माण कार्य लाभग्राही समुदायबीच प्रतिस्पर्धा गराई गराउन सकिने छः-

(क) जटिल प्राविधिक क्षमता आवश्यक नपर्ने,
(ख) लाभग्राही समुदायबाट गर्दा मितव्ययीता, गुणस्तरीयता र दिगोपना अभिवृद्धि हुने,
(ग) स्थानीय स्रोत, साधन र सीप उपयोग गरी स्थानीय स्तरमा कार्यसम्पादन हुने,
(घ) निर्माण कार्यको मुख्य उदेश्य स्थानीय तहमा नै रोजगारीको अवसर सिर्जना गर्ने र त्यस्तो निर्माण कार्यबाट लाभ प्राप्त गर्ने समुदायलाई सहभागी गराउन सकिने,
(ङ) निर्माण पश्चातको आयोजनाको मर्मत सम्भार तथा सञ्चालन लाभग्राही समुदायबाट हुन सक्ने ।

**स्पष्टीकरणः** यस नियमको प्रयोजनको लागि "लाभग्राही समुदाय" भन्नाले निर्माण कार्यबाट लाभान्वित हुने कम्तीमा पचास जना सदस्य भएको स्थानीय समूह वा समुदाय सम्झनु पर्छ र सो शब्दले सम्बन्धित लाभग्राही व्यक्तिहरुबाट प्रचलित कानून बमोजिम गढित श्रम सहकारीलाई समेत जनाउँछ ।

(२) उपनियम (१) मा उल्लिखित रकमको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश भए सोसमेतको रकम समावेश हुनेछ र नगरपालिकाले यस नियम बमोजिम लाभग्राही समुदायलाई रकम भुक्तानी दिँदा उल्लिखित रकम कट्टा गरेर मात्र दिनु पर्नेछ ।

(३) उपनियम (१) को प्रयोजनको लागि सम्बन्धित कामको प्रकृति, परिमाण, लागत अनुमान, कार्य सम्पन्न गर्नुपर्ने अवधि र अन्य आवश्यक कुराहरु खुलाई नगरपालिकाले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको सूचनाको आधारमा सम्बन्धित लाभग्राही समुदायले नगरपालिका समक्ष प्रस्ताव पेश गर्न सक्नेछन् ।

(५) उपनियम (४) बमोजिम लाभग्राही समुदायले प्रस्ताव पेश गरेमा नगरपालिकाले सबै भन्दा कम कबोल गर्ने लाभग्राही समुदायसँग त्यस्तो काम सम्बन्धमा खरिद सम्झौता गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिमको सम्झौतामा देहायका कुराहरु उल्लेख गर्नु पर्नेछः-
(क) निर्माण कार्यको प्रकृति, परिमाण, लागत अनुमान, प्रत्येक कार्य इकाईमा लाभग्राही समुदायले व्यहोर्नु पर्ने रकम, कार्य सम्पन्न गर्नु पर्ने अवधि,
(ख) नगरपालिकाले सम्बन्धित कार्यको डिजाइन, लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, प्राविधिक सल्लाह दिने, नापजाँच गर्ने, जाँचपास गर्ने र अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, सुपरिवेक्षण र गुणस्तर नियन्त्रण गर्ने,

(ग) सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार लाभग्राही समुदायले गर्नु पर्ने,
(घ) सम्पन्न निर्माण कार्यको भुक्तानीको शर्त र तरिका, र
(ङ) अन्य आवश्यक कुरा ।

(७) उपनियम (३) बमोजिम सूचना प्रकाशन गर्दा लाभग्राही समुदायबीचमा प्रतिस्पर्धा हुने अवस्था नभएमा वा त्यस्तो सूचना प्रकाशन गर्दा कुनै प्रस्ताव पेश नभएमा नगरपालिकाले ऐन तथा यस नियमावली बमोजिमको अन्य प्रकृयाबाट त्यस्तो निर्माण कार्य गराउन सक्नेछ ।

(८) लाभग्राही समुदायले प्रत्येक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समुदायको सञ्चालक समितिबाट अनुमोदन गराई सम्बन्धित नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(९) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको निर्माण कार्य लाभग्राही समुदायबाट गराउन सकिने छैनः-
(क) एक आपसमा अन्तरसम्बन्धित भई एउटै प्याकेजमा काम गर्नु पर्ने प्रकृतिको निर्माण कार्यलाई खण्डीकरण गरी अलग अलग प्याकेज बनाईएको,
(ख)लागत अनुमान अनुसार श्रमिकको लागत भार पचास प्रतिशत भन्दा कम भएको, र
(ग)लागत अनुमान अनुसार मेसिन औजारको लागत भार बीस प्रतिशत भन्दा भढी भएको ।

(१०) यस नियमावली बमोजिम लाभग्राही समुदायबाट काम गराउँदा नियम १०७ को उपनियम (७), (८), (९), (१०), (११), (१२), (१३), (१४), (१५), (१६) र (१७) को व्यवस्था आवश्यक हेरफेर (मुटाटिस मुटाण्डिस) सहित लागू हुनेछ । ”

**१७. <u>मूल नियमावलीको नियम ११३ मा संसोधनः</u>** मूल नियमावलीको नियम ११३ को उपनियम (१) मा रहेका ०.१ (शुन्य दशमवलव एक) प्रतिशतले भन्ने शब्दहरुको सट्टा “एक प्रतिशतले” भन्ने शब्दहरु राखिएका छन् ।

**१८. <u>मूल नियमावलीको नियम १२१ मा संसोधनः</u>**
(१) मूल नियमावलीको नियम १२१ को उपनियम (१) मा रहेको “दश लाख रुपैयाँ” भन्ने शब्दहरुको सट्टा “बीस लाख रुपैयाँ” भन्ने शब्दहरु राखिएका छन् ।
(२) मूल नियमावलीको नियम १२१ को उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएका छनः
(३क) नियम १०७ वा नियम १०७क बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्धारण कार्य गराउँदा सम्झौता रकममा विमा वापतको

खर्च व्यहोर्ने रकम समावेश गरी लाभग्राही समुदायले उपनियम (१) बमोजिम विमा गराउनु पर्नेछ । यसरी विमा गराउने कार्यको लागि नगरपालिकाले सहजीकरण  गरिदिनु पर्नेछ ।

१९. **<u>मूल नियमावलीको नियम १२६ मा संसोधनः</u>** मूल नियमावलीको नियम १२६ उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः

"(२क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि निर्माण कार्यको हकमा कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उदेश्य अनुरुप सो निर्माण कार्य  समान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा नगरपालिकाले उपनियम (२) बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने छ ।"

२०. **<u>मूल नियमावलीको नियम १२९ मा संसोधनः</u>** मूल नियमावलीको नियम १२९ को सट्टा देहायको नियम १२९ राखिएको छ ।

**<u>१२९ खरिद सम्झौताको अवधि थप गर्न सकिने-</u>** (१) ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा एक्काइस दिन अगावै निर्धारित अवधिको कार्य सम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानत तथा संसोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी नगरपालिकामा अवधि थपको लागि निवेदन दिनु पर्नेछ ।

(२)उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित अधिकार प्राप्त अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्न वा गराउन सक्नेछ । त्यसरी जाँचबुझ गर्दा वा गराउँदा देहायको अवस्था देखिएमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले अवधि र कारण खुलाई म्याद थप गर्न सक्नेछः-

(क) नगरपालिकाले निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदातालाई सम्झौता बमोजिम उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएको,

(ख) ऐनको दफा ६७क बमोजिम कागजात झिकाएको कारणबाट काममा ढिलाई भएको, वा

(ग) विपद् वा अन्य काबु बाहिरको परिस्थितिको कारण सम्झौता बमोजिमको काम हुन सक्ने अवस्था नभएको ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा सो उपनियम बमोजिमको अवस्था नभएको तर खरिद सम्झौता बमोजिमको काम समयमा सम्पन्न नहुने भएमा नियम १३० बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अधिकतम अवधिसम्म बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिम परेको निवेदनका सम्बन्धमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले यस नियम बमोजिमको म्याद थप सम्बन्धी कारबाही प्रक्रिया खरिद सम्झौताको अवधिभित्र टुङ्ग्याउनु पर्नेछ ।

(५) उपनियम (२) वा (३) बमोजिम म्याद थप गरिएकोमा म्याद थप गर्ने अधिकारीले सोको विस्तृत विवरण सहितको प्रतिवेदन एक तह माथिको अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपनियम (४) बमोजिमको अवधिभित्र बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप सम्बन्धी कारबाही प्रक्रिया नटुङ्ग्याएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले आवश्यक निर्णयको लागि खरिद सम्झौताको अवधि समाप्त भएको सात दिनभित्र एक तह माथिको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(७) उपनियम (६) बमोजिम प्राप्त भएको निवेदनका सम्बन्धमा एक तह माथिको अधिकारीले छानबिन गरी सो निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र म्याद थप सम्बन्धी कारबाही प्रक्रिया टुङ्ग्याउनु पर्नेछ ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो नियम प्रारम्भ हुनु अघि खरिद सम्झौता अनुसारको काम सम्पन्न भइसकेतापनि म्याद समाप्त भएका कारण फरकफारक हुन नसकेका सम्झौताको हकमा नगरपालिकालाई थप आर्थिक व्ययभार नपर्ने गरी एक पटकको लागि यो नियम प्रारम्भ भएको तीस दिनभित्र बोलपत्र स्विकृत गर्ने अधिकारीले म्याद थप गरी सम्झौता बमोजिमको भुक्तानी तथा फरफारक गर्न सक्नेछ ।

(९) उपनियम (८) बमोजिम म्याद थप गर्दा पूर्व निर्धारित क्षतिपूर्ति लिइने छैन ।

(१०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो नियम प्रारम्भ हुनु भन्दा तत्काल अघि कायम रहेको व्यवस्था तथा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०५/०३ को निर्णय बमोजिम खरिद सम्झौताको म्याद थप गर्नको लागि नगरपालिका समक्ष निवेदन परेका तर सो सम्बन्धमा निर्णय भइनसकेका खरिद सम्झौताको हकमा यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र म्याद थप सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ ।

(११) यो नियम प्रारम्भ हुँदाका बखत सम्झौता बमोजिमको काम सम्पन्न नभएका र म्याद थप नभएका वा उपनियम (२) वा (३) बमोजिम म्याद थप हुन नसक्ने वा उपनियम (१०) बमोजिम म्याद थपको लागि निवेदन नपरेका वा त्यस्तो निवेदन परेकोमा सो उपर म्याद थप नभएको खरिद सम्झौताको हकमा खरिद सम्झौता अन्त्य गर्ने, कार्य सम्पादन जमानत तथा अन्य कुनै जमानत वा धरौटी राखेको भए सो समेत जफत गर्ने र त्यसरी काम सम्पन्न नभएको कारणबाट हुन गएको हानी नोक्सानी असुल उपर गरी निजलाई प्रचलित कानून बमोजिम कारबाही गर्ने समेतको निर्णय सम्बन्धित अधिकारीले यो नियम प्रारम्भ भएको साठी दिनभित्र गरिसक्नु पर्नेछ ।

(१२) उपनियम (११) बमोजिम कारबाही सम्बन्धी निर्णय गर्दा सम्झौता बमोजिमको कार्य जानाजानी बदनियतपूर्वक वा लापरवाहीको कारण सम्पन्न नगरेको देखिएमा नगरपालिकाले त्यस्तो निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा

परामर्शदातालाई ऐनको दफा ६३ बमोजिम कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(१३) यस नियम बमोजिम म्याद थपको कारबाही प्रक्रिया समयमा नटुङ्ग्याउने र म्याद थप भएका खरिद सम्झौताको कार्य प्रगतिको अनुगमन, मूल्याङ्कन र कारबाही समयमै नगर्ने सम्बन्धित पदाधिकारी वा कर्मचारीलाई नगरपालिकाले छ महिनाभित्र कानून बमोजिम विभागीय कारबाही गर्नु पर्नेछ ।

२१. **<u>मूल नियमावलीको नियम १३० मा संसोधनः</u>** मूल नियमावलीको नियम १३० को,

(१) खण्ड (क) मा रहेको "र" भन्ने शब्द झिकिएको छ ।

(१) खण्ड "ख" पछि देहायको खण्ड (ग) थपिएको छः-

"ग" खण्ड (क) बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अधिकतम समय अवधिभित्र पनि कार्य सम्पन्न नभएमा खरिद सम्झौता अन्त्य गर्नु पर्नेछ ।

२२. **<u>मूल नियमावलीको नियम १३०क थपः</u>** मूल नियमावलीको नियम १३० पछि देहायको नियम १३०क थपिएको छः-

**<u>"१३०क. खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) नियम १२९ मा जुनसुकै कुरा लेखिएको भएतापनि यो नियम प्रारम्भ हुँदाका बखत खरिद सम्झौताको अवधि समाप्त भएको वा संवत् २०७९ साल असार मसान्तसम्म खरिद सम्झौताको अवधि समाप्त भएको तर खरिद सम्झौता बमोजिमको काम सम्पन्न नभएको वा यो नियम प्रारम्भ हुनु अघि अवधि थपको लागि नगरपालिका समक्ष निवेदन परी सो सम्बन्धमा कुनै निर्णय नभएको निर्माण कार्यको हकमा सम्बन्धित निर्माण व्यवसायीले यो नियम प्रारम्भ भएको एक्काइस दिनभित्र संसोधित कार्यतालिका सहित सम्झौताको अवधि थपको लागि नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित अधिकार प्राप्त अधिकारीले उपनियम (१) बमोजिम पेश भएको कार्यतालिका जाँच गरी आवश्यक देखिएमा परिमार्जन गरी पुनः पेश गर्न सम्बन्धित निर्माण व्यवसायीलाई निर्देशन दिन सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम संसोधित कार्यतालिका पेश भए पश्चात बोलपत्र स्वीकृत गर्ने अधिकारीले कम्तीमा दुई वटा प्रगति हासिल गर्नु पर्ने सीमा (माइलस्टोन) तोकी थप आर्थिक व्ययभार नपर्ने गरी बढीमा संवत् २०८० साल असार मसान्तसम्म म्याद थप गर्न सक्नेछ । सम्बन्धित निर्माण व्यवसायीले त्यस्तो प्रगति हासिल नगरेमा नियम १३० बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति तिर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको म्याद थप सम्बन्धी निर्णय उपनियम (१) बमोजिम निवेदन प्राप्त भएको तीस दिनभित्र गरिसक्नु पर्नेछ । यसरी समयमा नै म्याद थप सम्बन्धी निर्णय नगर्ने

पदाधिकारी वा कर्मचारीलाई नगरपालिकाले प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम थप गरिएको अवधिसम्म पनि निर्माण कार्य समपन्न नभएमा वा उपनियम (१) मा तोकिएको अवधिभित्र सम्बन्धित निर्माण व्यवसायीले सम्झौताको अवधि थपको लागि निवेदन नदिएमा नियम १२९ को उपनियम (११) बमोजिम खरिद सम्झौताको अन्त्य गर्नु पर्नेछ ।

(६) उपनियम (३) बमोजिम थप गरिएको अवधिमा पेश भएको कार्यतालिका बमोजिम निर्माण कार्यको प्रगति भए नभएको सम्बन्धमा नगरपालिकाले अनुगमन गर्नु पर्नेछ ।

(७) यस नियममा जुनसुकै कुरा लेखिएको भएतापनि यो नियम प्रारम्भ हुँदाका बखत नियम १२९ बमोजिम खरिद सम्झौताको अवधि थपको लागि निवेदन नपरेका र कार्यस्थलमा छ महिनादेखि सम्झौता बमोजिम कुनै पनि कार्य नगरेका निर्माण व्यवसायीको खरिद सम्झौताको म्याद थप गरिने छैन ।

(८) उपनियम (७) बमोजिम म्याद थप हुन नसक्ने खरिद सम्झौतालाई नगरपालिकाले नियम १२९ को उपनियम (११) बमोजिम अन्त्य गरी सो नियमको उपनियम (१२) बमोजिम कालोसूचिमा राख्न लेखी पठाउनु पर्नेछ ।”

२३. **<u>मूल नियमावलीको  नियम १३३ मा संसोधनः</u>** मूल नियमावली १३३ को उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छः

(३क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि निर्माण कार्यको कम्तीमा असी प्रतिशत काम सम्पन्न गरेको, सम्झौता बमोजिमको कार्य सन्तोषजनक रुपमा भई चालु अवस्थामा रहेको र निर्धारित समयमा काम सम्पन्न हुने सुनिश्चित भएको खरिद सम्झौताको हकमा नियम (१३२) बमोजिम राखिएको रिटेन्सन मनी वापत बैंक जमानत पेश गरी रिटेन्सन मनी फिर्ताको मांग गरेमा त्यस्तो रिटेन्सन मनी फिर्ता दिन सकिने छ । यसरी रिटेन्सन मनी फिर्ताको लागि पेश गरिने बैंक जमानतको म्याद त्रुटि सच्याउने अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्नेछ ।

२४. **<u>मूल नियमावलीको नियम १३८ मा संसोधनः</u>** मूल नियमावलीको नियम १३८ को, (१) उपनियम (१) पछि उपनियम (१क) थपिएको छ ।

(१) “(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेको सार्वजनिक पोखरीमा माछापालन र सो माछा बिक्रिका लागि आन्तरिक आय ठेक्का बन्दोबस्त गर्दा पाँच वर्ष सम्मको लागि एकै पटक ठेक्का बन्दोबस्त गर्न सकिने छ ।”

(२) उपनियम (४) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राकिएको छः

(क) आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय स्रोतको उपलब्धता सम्भावित परिचालन, सो स्रोतको परिचालनको व्यवस्थापन लागत र चालु आर्थिक वर्षको ठेक्का अंकलाई समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी स्थानीय राजस्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाबाट न्यून्तम ठेक्का अंक स्वीकृत गराउनु पर्नेछ ।

(३) उपनियम (४) खण्ड (ख) मा रहेको "असुली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भई सकेपछि" भन्ने शब्दहरुको सट्टा "नगर कार्यपालिकाबाट न्यून्तम ठेक्का अंक स्वीकृत भइसके पछि" भन्ने शब्दहरु राखिएका छन् ।

२५. **<u>मूल नियमावलीको नियम १४१ मा संसोधनः</u>** मूल नियमावलीको नियम १४१ उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः

(२) ठेकेदारले सम्झौताको समयमा आफूले कबुल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा न्यूनतम ठेक्का अंकमा नघटने गरी बढीमा दश प्रतिशतसम्म छुट दिन सकिने छ ।

२६. **<u>मूल नियमावलीको नियम १५२क थपः</u>** मूल नियमावलीको नियम १५२ पछि देहायको नियम १५२क थपिएको छः

**<u>"१५२क. कालो सूचीको निर्णय कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः</u>** सार्वजनिक खरिद अनुगमन कार्यालयले नियम १५२ बमोजिम कालोसूचीमा राखेको निर्णय उपर कुनै बोलपत्रदाताले दायर गरेको निवेदनको आधारमा कुनै अदालतबाट आदेश जारी भई कालोसूचीमा राख्ने निर्णय अदालतबाट बदर भएको अवस्थामा बाहेक त्यस्तो आदेश खारेज भएमा सोको जानकारी प्राप्त भएपछि सार्वजनिक खरिद अनुगमन कार्यालयले आफूले पहिले कालोसूचीमा राख्ने निर्णय स्थगन हुनु अघिसम्म निज बोलपत्रदातालाई बोलपत्रको कारबाहीमा भाग लिन निषेध गरिएको अवधि कटाई बाँकी रहने अवधिको हिसाब गरी बाँकी अवधिको लागि पूर्व निर्णय बमोजिम कालोसूचीको निर्णय कार्यान्वयन गर्नु पर्नेछ ।"

२७. **<u>मूल नियमावलीको नियम १५९ मा संसोधनः</u>** मूल नियमावलीको नियम १५९ उपनियम (६) पछि देहायको उपनियम (६क) र (६ख) थपिएका छनः

"(६क) नगरपालिकाले निर्माणसंग सम्बन्धित खरिद सम्झौता गरेपछि सोको संक्षिप्त विवरण प्रमाणित गरी सार्वजनिक खरिद अनुगमन कार्यालयले सम्झौताको अभिलेख राख्ने प्रयोजनको लागि स्थापना गरेको विधुतीय प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ ।

(६ख) विधुतीय प्रणाली तयार नभएसम्मको लागि नगारपालिकाले उपनियम (६क) बमोजिमको विवरण आफ्नो कार्यालयमा अभिलेख राखी त्यस्तो विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनु पर्नेछ ।"

२८. **<u>खारेजी:</u>** मूल नियमावलीको नियम ११९क खारेज गरिएको छ ।

**२९. मुल नियमावलीमा नियम १६४ मा संसोधन : मुल नियमावलीको नियम १६४ मा रहेको उल्लेख नभएको कुरा भन्ने सव्द पछि र द्विबिधा भएको भन्ने खण्ड थप गरिएको छ ।**

नगर कार्यपालिका बाट पारित मिति : २०७९।०५।१६

प्रमाणिकरण मितिः २०७९।०५।२७

प्रकासन मितिः २०७९।०५।२९

आज्ञाले
लक्ष्मी प्रसाद पौडेल
प्रमुख प्रसासकिय अधिकृत